दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २७४ | बुटवल | २०८२ असोज २४ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday October 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## जाँचबुझ आयोग अस्वीकार्य : ओली



बुटवल । तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई स्वीकार नगर्ने प्रष्ट पारेका छन् ।

आयोगले ओलीसहितको राहदानी रोक्कादेखि उपत्यका बाहिर जान अनुमति लिनुपर्ने भनी सरकारलाई पत्राचार गरेकै बेला उनले कार्की आयोगको अस्तित्व र यसले गर्ने सम्भावित कुनै पनि सिफारिस एमालेले स्वीकार नगर्ने बताएका हुन् ।

एमाले भक्तपुर जिल्ला कमिटीले गुण्डुमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने- 'एमालेलाई यो नक्कली आयोग मञ्जुर छैन । पहिले नै केपी ओलीलाई समाउनुपर्छ, थुन्नुपर्छ, मुद्दा लगाउनुपर्छ भन्नेहरूको आयोग बनाएर गजबको ड्रामा गर्नुभएको छ । मैले मसिनो भाषामा भनेको छु- यो मञ्जुर छैन भनेर बुझ्नुस् । यो नक्कली आयोग मञ्जुर छैन । किन पनि भने उनीहरूका सम्बन्धमा गम्भीर प्रश्नहरू उठेका छन् । यस्ता आयोग मान्दैनौं र तिमीहरूले के-के सिफारिस लेख्छौं लेख, त्यो हामीलाई मान्य छैन ।'

आयोगले भदौ २३ गतेको घटनालाई लिएर ओलीसँग समेत बयान लिने तयारी गरिरहेका बेला कार्की आयोगलाई अस्वीकार गर्ने उनको अभिव्यक्तिले थप प्रश्न खडा भएका छन् । शाही आयोग अस्वीकार गर्दा शेरबहादुर देउवालाई तत्कालीन राजाको सरकारले मध्यरातमा पक्राउ गरी बयान लिन लगेको थियो । तर, उनले इन्कारी बयान दिएपछि जेल हालिएको थियो ।

ओलीले गौरीबहादुर कार्कीले पहिले नै सामाजिक सञ्जालबाट आफूलगायतलाई जेल हाल्नुपर्ने भनेर निर्णय गरिसकेकाले उनले गर्ने सिफारिस वा जाँचबुझको औचित्य नरहने बताएका छन् । यसबाट उनी कार्की आयोगले बोलाए पनि नजाने प्रष्ट संकेत देखिएको छ । ओली बयान दिन नगएपछि सरकारले पक्राउ गर्न सक्ने र त्यसपछि मुठभेडको अवस्था पनि आउन सक्ने देखिन्छ ।

ओलीले प्रतिनिधिसभा विघटन असंवैधानिक भएकाले पुनर्स्थापनको माग लिएर अगाडि बढ्ने पनि बताएका छन् ।

भक्तपुर एमालेले गुण्डुमा गरेको कार्यक्रममा ओलीले लोकतन्त्रको पुनर्बहाली गर्नलाई प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्ने बताएका हुन् ।

'समयमा कदम चाल्न सकिएन भने पछि ढिला भएछ भनेर पछुतो मान्नुपर्ने हुन्छ । कतिपय मानिसहरू भन्छन् फागुन २१ गते चुनाव भएन भने त्यसपछि संसद् पुनर्स्थापनाको माग गरौंला,' उनले भने-'संसद् विघटन असंवैधानिक छ, गलत छ, गैरकानुनी छ, अलोकतान्त्रिक छ । यो देश हितकाविरुद्धमा छ, हामीलाई थाहा छैन र ? पर्खनुपर्‍यो फागुन २१ गते ? पर्खनु परेको छैन ।'

प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा जनता सडकमा आउने पनि उनले विश्वास गरे । 'हामी अगाडि बढ्ने बेला भएको छ । नेपाली जनता आन्दोलनको आँधी तुफान सिर्जना गरेर बढ्नेछ ।'-उनले भने ।

सुशीला कार्कीले प्रधानमन्त्री हुन अडान लिएकाले प्रतिनिधिसभा विघटन भएको प्रशंग उनले उल्लेख गरे । 'असंवैधानिक ढंगले संसद् विघटन गरिएको छ । संसद विघटन गर्ने अधिकार, संविधान मिच्ने अधिकार कसले प्राप्त गर्‍यो ? कहाँबाट प्राप्त गर्यो ?'- उनले भने ।

संसद र संविधान जोगाएर विकल्प दिन सबै पक्षमा सहमति भए पनि असंवैधानिक विघटन गरिएको पनि उनले बताए । 'संविधान र संसद् कायम राखेर निकास खोजौं, त्यसमा त्यति बेलाको निर्णायक तत्वहरूको पनि सहमति थियो,' ओलीले भने-'मसँग कुरा हुँदा संविधान कायम राख्ने संसद कायम राख्ने र संविधान र संसदभित्रबाट निकास खोज्ने सबैको सहमति थियो ।'

तर राजनीतिक दलहरूलाई पञ्छाएर वार्ता गर्ने, सरकार बनाउनेदेखि संसद भंग गर्ने काम गरिएको ओलीले बताए । 'वार्ता सरकारले होइन, सरकारले राजीनामा गर्नुपर्ने ? वार्ता अर्कैले गर्नुपर्ने ? दुनियाँमा कहाँ हुन्छ ? राजनीतिक दलहरू वार्तामा नबस्ने ?'- ओलीले भने । प्रतिनिधिसभा पुनर्स्थापनाको एजेण्डामा कांग्रेसको पनि साथ रहने उनले बताए ।

## भूमि आयोगका सबै समिति खारेज

बुटवल । सरकारले भूमि समस्या समाधान आयोग र सबै जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ बमोजिम गठन भएको आयोग र सबै जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता जगदिश खरेलले जानकारी दिए ।

बैठकले इलाम जिल्लालाई तीन महिनाका लागि विपद् संकटग्रस्त जिल्ला घोषणा गर्ने निर्णय पनि गरेको छ ।

बैठकले चार जना डीआइजीको बढुवा गर्ने निर्णय पनि गरेको छ ।

### गौतमबुद्ध विमानस्थलः

# ६ महिनासम्म रोकिएको अन्तर्राष्ट्रिय उडान अक्टोबर २६ देखि

### छुट सुविधा दिँदा पनि एअरलाइन्स कम्पनीहरू आकर्षित भएका छैनन् ।



**मोहम्मद हबिब**

*भैरहवा*

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा हिउँदे सिजनका लागि अक्टोबर २६ देखि उडान सुरु हुने भएको छ ।

लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडानविहीन भएको विमानस्थलमा थाई एयर एसियाले विन्टर सिजन अगावै उडान गर्न लागेको हो । अक्टोबर २८ देखि सुरु हुने विन्टर सिजनको दुई दिन अगावैबाट थाई एयरले उडान अवतरण गर्ने भए पनि अरु एयरलाइन्स कम्पनीले उडानबारे निश्चित गरेका छैनन् ।

गत वर्ष ५ महिनासम्म भैरहवाबाट नियमित अन्तर्राष्ट्रिय उडान भएका थिए । भैरहवाबाट उडान भर्नका लागि अहिले थाई एयर एशियाले हप्तामा दुई उडान गर्ने गरी अनुमती लिइसकेको छ भने जजीरालगायत अन्य कम्पनीहरु पाइपलाइनमा रहेको छन् । जजीराको हकमा कन्ट्री डाइरेक्टर र विमानस्थलसँग समन्वय भइरहेको छ ।

हिउँदे सिजनका लागि तिहारपछि जजीराले उडान निश्चित गर्ने छ, पहिला पनि नियमित उडान भएकोले सबै सेटअप भइसकेकोले उडान प्रक्रिया समय नलाग्ने कम्पनीको भनाइ छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा यहाँ ५ वटासम्म अन्तर्राष्ट्रिय विमान कम्पनीबाट उडान भएको थियो । विमानस्थलमा सातामा २०-२२ वटासम्म उडान भएको थियो ।

अप्रिलदेखि बन्द भएको नियमित अन्तर्राष्ट्रिय उडानअघिको ५ महिनामा २ सय बढी उडानबाट ७ हजार यात्रु हेण्डल गरेको हो । अहिले चार्टर उडानहरु मात्रै सीमित भएको विमानस्थलमा विन्टर सेडुल अक्टोबर २८ देखि सुरु हुँदैछ । त्यसको दुई दिनअघिबाटै थाई एयर एसियाले उडान भर्न अनुमति लिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए ।

२०७९ साल जेठ २ गते २५६६औं बुद्ध जयन्तीको अवसर पारेर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएको थियो । उद्घाटनपश्चात् नेपाल वायुसेवा निगमको नेपाल एयरलाइन्स, संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई, कुवेतको जजीरा एयरवेज, थाइल्याण्डको थाइ एयर एशिया र हिमालय एयरलाइन्सले व्यवसायिक उडान गरेका थिए ।

अहिले पनि महानिर्देशक, विमानस्थलका महाप्रबन्धक, नेपाल सरकार, मन्त्रालय र निजी क्षेत्र र सम्पूर्ण सरोकारवाला निकाय नियमित अन्तर्राष्ट्रिय उडान गर्नका लागि झकझकाइरहेका छन् । आशा छ तिहार पछि थप उडानहरु आउने छन् । प्रधान कार्यालयबाट पनि पहल निरन्तर भइरहेका छन् । नयाँ थप आउनका लागि चासो देखाइरहेको भए पनि पुराना एयरलाइन्सको सरदरभन्दा माथि नै यात्रु पाएकोले उनीहरुले निरन्तरता दिने अपेक्षा छ ।

आन्तरिकतर्फ २० वटा उडान भइरहेको छ भने एक वर्षको दौरानमा यहाँबाट ७ लाखभन्दा बढी आन्तरिक यात्रुलाई हेण्डल गरेको थियो । अहिले यात्रुहरुको सहजताका लागि आन्तरिकतर्फ फराकिलो नयाँ आगमन कक्ष पनि सञ्चालनमा आएको छ । प्रधान कक्ष पनि फराकिलो बनाइँदै छ भने आन्तरिकतर्फ व्यागेज हेण्डलिङ पनि राखिँदै छ ।

**१ हजार ५७ वटा उडान अवतरण, ६१२५४ ले गरे आवगमन**

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा एक वर्षको अवधिमा ५ सय ५६ वटा अन्तर्राष्ट्रिय उडान र अवतरण भएको छ ।

५ वर्षको अवधिमा यो विमानस्थलबाट १ हजार ५७ वटा उडान अवतरण भएको छ । जसमा २९ हजार ६ सय २१ यात्रु यहाँ ओर्लिएका छन् भने ३१ हजार ६ सय ४१ यात्रु बाहिरिएका छन् । ५ वर्षको अवधिमा कुल ६१ हजार २ सय ५४ जनाले ओहोरदोहर गरेका छन् ।

चालु आर्थिक वर्षमा १० वटा उडान अवतरण भएको छ, ती सबै चार्टर उडान हुन् ।

आर्थिक वर्ष २०८१/०८२ मा विमानस्थलबाट विभिन्न एयरलाइन्स कम्पनीले २७८ वटा अन्तर्राष्ट्रिय उडान र त्यतीकै संख्यामा अवतरण गरेका हुन् । यी उडानबाट १२ हजार ८३० जना यात्रु भैरहवा झरेका छन् । त्यस्तै ११ हजार १२८ जना भैरहवाबाट बाहिरको गौतमबुद्ध विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिए ।

उनका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा ५६ उडान अवतरणबाट ६ हजार ३ सय १८ ले ओहोरदोहोर गरेका छन् । यस्तै आर्थिक वर्ष २०७९/०८० मा ३१५ उडान अवतरणबाट २८ हजार ९ सय ९८ यात्रुले आवगमन गरेका छन् । यस्तै २०८०/०८१ मा १२० उडान अवतरणबाट १ हजार ९ सय ७६ जनाले ओहोरदोहर गरेका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनसँगै कुबेतको जजीरा एयरवेजले भैरहवामा उडान भरेको थियो ।


» बाँकी ३ पेजमा


## लुम्बिनी विकास कोषको कामु सदस्य सचिवमा राई



बुटवल । लुम्बिनी विकास कोषका वरिष्ठ अधिकृत ज्ञानिन राईलाई कायममुकायम सदस्य सचिव तोकिएको छ । कोषका सदस्य सचिव सानुराजा शाक्यको पाँचवर्षे कार्यकाल असोज २१ मा सकिएसँगै उक्त पद रिक्त थियो । यसपछि कोषका वरिष्ठ अधिकृत एवं १०औं तहका वरिष्ठ निर्देशक राईलाई कायममुकायम सदस्य सचिव तोकिएको हो ।

कोष पदाधिकारी विनियमावली, ०५८ को विनियम २९(५) मा सदस्य-सचिव बिदामा बसेको वा अन्य कुनै कारणबाट अनुपस्थित रहेका बेला रिक्त रहेको अवस्थामा वरिष्ठतम् अधिकृतलाई कायममुकायम दिई कार्य सञ्चालन गर्ने व्यवस्था छ । सोहीअनुसार राई कामु सदस्य सचिव भएको कोषका सूचना अधिकृत राजन बस्नेतले जानकारी दिए ।

०७६ मंसिर १५ मा कोष बोर्ड बैठकले वरिष्ठतम् कर्मचारीलाई सदस्य-सचिवको अनुपस्थितिमा कामु सदस्य-सचिव बनाउने प्रावधान संशोधन गर्न पठाएकामा संस्कृति मन्त्रालयको ०७६ पुस २७ को मन्त्रीस्तरीय निर्णयले उक्त संशोधन गरेको थियो । यही संशोधनका आधारमा ०७६ माघमा राई ८ महिना कामु सदस्य सचिव भएर काम गरिसकेका छन् । राईले बुधबारबाटै कोषमा कामु सदस्य सचिवका रूपमा काम सुरु गरिसकेका छन् । राईले आफ्नै कार्यकक्षमा बसेर सदस्य सचिवको काम सुरु गरिसकेको बताए ।

## अर्थमन्त्रीलाई स्मरण छ गुल्मीको जलाशय आयोजना ?



**प्रेम सुनार**

*गुल्मी*

२०६८ सालमा तत्कालिन अर्थसचिवबाट राजीनामा दिएर गुल्मीका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको अवलोकन भ्रमणमा आएका हालका अर्थमन्त्री रामेश्वरप्रसाद खनालले यहाँबाट फर्केको एक महिनापछि एक पत्रिकामा लेख लेख्दै गुल्मीको एक प्रस्तावित विद्युत् आयोजना अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए ।

२०६८ साल असार २१ गते मंगलबारका दिन अन्नपूर्ण पोष्टमा 'तम्घासमा एक रात' शीर्षकमा छापिएको उनको लेखमा छल्दी पनाह खोला र निस्तीखोलाको संगम स्थल रातडाँडादेखि तल बडिगाड खोलाको संगम स्थलसम्म ड्याम बाँधेर विशाल जलाशययुक्त ५० मेगावाटको विद्युत् आयोजना अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए ।

गुल्मी भ्रमणको पहिलो स्मरणमा उनले रिडीको ऋषिकेश मन्दिरमा अध्यात्मिक बिताइरहेकी बुढी फुपुसँग भेट र ऋषिकेशको दर्शन गरी तम्घासतर्फ लागेको कुरा उल्लेख गरेका छन् । तम्घाससम्म आई पुग्दा ठाउँ-ठाउँका प्राकृति शौन्दर्यको निकै वर्णन गरेका छन् ।

त्यसपछि अर्को प्रशिद्ध धार्मिक क्षेत्र रेसुङ्गाको वर्णन गर्दै त्यहाँको सम्भावनाबारे उनले गहिरो अनुसन्धानमूलक चर्चा त्यस लेखमा गरेका छन् । त्यसपछि उक्त लेखमा उनले यस्तो स्मरण गरेका छन् -'एक बिहान रेसुङ्गाको सेरोफोरो घुमेर बिताएपछि मलाई लाग्यो त्यो स्थल पुस्तक लेखन वा सिर्जनात्मक अनुसन्धानका लागि एकान्तबास गर्न उपयुक्त हुनसक्छ ।'


» बाँकी ३ पेजमा



प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# सम्पादकीय

## कार्की नेतृत्वको आयोगप्रति उठेका प्रश्न

भदौ २३ गते भएको नवयुवा प्रदर्शनका क्रममा भएको गोली प्रहार र २४ गतेको विध्वंशको छानबिन गर्न गठित पूर्व न्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगप्रति प्रश्न उठेको छ।

आयोगको गठन प्रक्रियाभन्दा पनि कार्कीको सार्वजनिक धारणा र त्यसले आयोगको काममा पार्ने प्रभावका बारेमा प्रश्न उठाइएको हो। कार्की नेतृत्वको आयोग न्यायिक हो । यसले गर्ने छानबिन सत्य र तथ्यमा आधारित हुन्छ भन्ने विश्वास हुनुपर्छ। यस्तो विश्वास जबसम्म मात्रै रहन्छ, आयोगमा रहने व्यक्तिका धारणा र विचार कसैप्रति ढल्किनेभन्दा स्वतन्त्र खालका हुनुपर्छ। विधि र कानुनलाई हेक्का राखेर उनीहरुले धारणा राख्नुपर्छ। तर कार्कीले आयोगमा बस्नुअघि नै तत्कालीन प्रधानमन्त्री केपी ओलीप्रति उग्र र असहिष्णु धारणा सार्वजनिक मात्रै गरेनन्, जेनजी आन्दोलनलाई उकास्न सामाजिक सञ्जालको भरपुर प्रयोग गरे। जेनजी आन्दोलनको बहानामा भएको हिंसा भड्काउन पनि कार्कीभैँ केही बुद्धिजीवीको पनि हात रहेको भन्दै आलोचना हुँदै आएको छ। पूर्व न्यायाधीश जस्तो सम्मानित व्यक्तिले बोल्ने र लेख्ने विचार र धारणाले पार्ने प्रभाव र असरको पटक्कै हेक्का नराख्नु उनको सामान्य कमजोरी होइन्। अझ विवादित व्यक्तिलाई छानबिन आयोगको नेतृत्व सुम्पेर सरकारले निष्पक्षता र न्यायिक निरूपणका बारेमा उठ्ने प्रश्नप्रति पटक्कै ख्याल गरेको पाइएन्। लोकतन्त्र विधिको शासन हो, विधिमा चलेमात्रै आम नागरिकले विश्वास गर्ने हुन्, तर यहाँ विधि र व्यवहारप्रति पटक्कै तारतम्य मिलाइएन्।

कार्कीको भूमिकाप्रति नागरिक अगुवा, कानुन व्यवसायी र मानवअधिकारकर्मीले पनि प्रश्न उठाएका छन्। उनले छानबिन निष्पक्ष गर्न सक्तैनन्, तसर्थ राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ भन्ने धारणा स्वभाविक छ। कार्कीकै विगतले आयोगको औचित्य र भूमिकाप्रति प्रश्न उठेपछि अब आयोगले गर्ने छानबिन निष्पक्ष हुन्छ भन्ने आधार कमजोर भएको छ। आयोगले छानबिन गरिरहेको विषयमा सरकारले पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने सरकारको तयारीले सरकारले विधि र प्रक्रियालाई स्थापित गरी अघि बढ्नुको साटो पूर्वाग्रहले प्रेरित भइ अघि बढेको स्पष्ट भएको छ। एकातिर कार्कीको विगतदेखिकै सार्वजनिक धारणा र अर्कोतिर सरकारको रवैयाले आयोगको निष्पक्षताप्रति उठेका प्रश्नलाई झनै बल पुगेको छ।

पूर्व प्रधानमन्त्री ओलीले कार्की नेतृत्वको आयोगलाई नमान्ने बताइसकेका छन्। जे प्रश्न उठेका छन्, ती प्रश्न उठाएर कार्कीप्रति अमान्य भएको ओलीको धारणा अस्वभाविक होइन्। संभवतः उनी आयोगले बोलाउँदाका बखत बयान दिन नजान सक्छन्, त्यसबेला मुठभेड निम्तिन सक्छ। मुलुकलाई मुठभेडको मार्गमा जान जोगाउने हो भने निष्पक्ष कार्यशैली र आचरण भएका व्यक्तिले आयोगको नेतृत्व गर्नु राम्रो हुन्छ। गम्भीर प्रश्न उठेपछि कार्कीले आयोगको नेतृत्वबाट अलग रहनु नै राम्रो हुनेछ।

# जेनजी आन्दोलनको एक महिना



**विन बहादुर कुँवर**

> जेनजी युवाहरूले उठाएको पहिलो माग अर्थात् भाद्र २३ मा भएको सरकारी दमन, हत्या र हिंसाका लागि मुख्य दोषी तत्कालीन प्रम ओली र गृहमन्त्री रमेश लेखक नै हुन् भने भाद्र २४ मा भएको आगजनी तोडफोड र लुटपाट मुख्य दोषी बालेन र सुजन गुरुङ्ग हुन्। यसका साथै अरु पनि दोषी छन्, छानबिन गर्दा सबै छर्लङ्ग नै हुन्छ। तर जो बोक्सो उही धामी भने जस्तै वर्तमान सरकार नै यस्तै व्यक्तिहरुको सहयोग र प्रस्तावमा बनेको छ।

जेनजी अर्थात् नव युवाहरुको गत भदौ २३ र २४ गतेको आन्दोलन वा विद्रोह सम्पन्न भएको पनि एक महिना भइसकेको छ । तर त्यो आन्दोलनले उठाएको धेरै जसो माग अहिले पनि यथावत् पूरा हुने स्थिति देखिएको छैन । खाली पुरानो कांग्रेस-एमाले गठबन्धन प्रम ओली सरकार विस्थापित भई प्रम सुशीला कार्की नेतृत्वको अपुरो नागरिक सरकार मात्रै बनेको अवस्था छ। पूर्व चालु संसदीय सदनको खारेजी र आगामी फागुन २१ मा संसदीय निर्वाचन गर्ने निर्णय गरिएको छ। वास्तवमा तत्कालीन जेनजी युवाहरुको पहिलो माग यो थिएन । उनीहरुले खाली देशमा शान्ति-सुशासन र भ्रष्टाचार निवारण त्यसमा पनि अझ पहिलो मुख्य माग त तत्कालीन ओली सरकारले लगाएको सामाजिक सञ्जाल, फेसबुक आदि माथिको प्रतिबन्धको तत्काल खारेजीको थियो । तर यो युवाहरुको सामान्य मागप्रति सरकारी बेवास्ता र लापरबाही अनि दमन, हत्या, हिंसाकै कारण देशमा यति ठूलो विद्रोह, तोडफोड, हत्या, हिंसा र लुटपाट, आगजनी हुन गयो । जसबाट पुरानो सरकार अपदस्त भई नयाँ यो सरकार बनाइएको हो ।

त्यसैले यो बनेको नयाँ सरकार अर्थात् प्रम सुशीला कार्कीको काम चलाउ सरकारको पहिलो मुख्य जिम्मेवारी जेनजी युवाहरुले पछिल्लो अवस्थामा उठाएका केही महत्वपूर्ण मागहरुको सम्बोधन गर्ने हो। तर यो सरकारले भने यी सबै कुराहरुलाई बेवास्ता गर्दै खाली संसदीय निर्वाचन मात्र सम्पन्न गराउने उद्घोष गरिसकेको छ । आखिर पुराना सबै संसदीय दलहरु खासगरी कांग्रेस-एमाले र माओवादीहरुलाई 'के खोज्छस् आँखो' भने जस्तै हाई संचो भएको छ। त्यसैले तत्काल सुरुमा वर्तमान यो सरकार असंवैधानिक भएकाले यसको खारेजीको माग उठाउँदै सर्वोच्च अदालतमा समेत 'रिट' जाहेर गर्ने भनेका यी सबै दलहरु अब आगामी फागुन २१ मा हुने भनिएको संसदीय निर्वाचनमा सहभागिताका लागि सक्रिय देखिन थालेका छन् ।

यता जेनजी युवाहरुले भने वर्तमान सुशीला कार्की नेतृत्वको यो सरकारको रवैया र त्यस अनुरुप पुराना दलहरुमा देखिन थालेको चुनावी रौनक र तयारीबाट बढी ससंकित देखिन थालेका छन् । त्यही भएर उनीहरुले तत्काल पूर्व दमनकारी यो सरकारका प्रमुख केपी ओली, गृहमन्त्री रमेश लेखक अनि केही उच्च प्रहरी अधिकृतलगायत तत्कालीन काठमाडौं प्रमुख जिल्ला अधिकारीमाथि यो हत्या, हिंसाका लागि जिम्मेवारी बनाई तत्काल गिरफ्तार री मुद्दा चलाउन यो वर्तमान सरकारमाथि ठूलो दबाब सिर्जना गर्न थालेका छन् । तै पनि यो सरकारले अहिले पनि ढूलमूल कारबाही चलाउने कि नचलाउने अन्योलमा देखिन थालेको छ । यसको छानविन आयोग त बन्यो तर अन्तिम निर्णय आइसकेको छैन । तीन महिने अवधि छ, अझ आवश्यकता भए अरु थप केही दिन बढाइने पनि छ । त्यो बेलासम्म रात गए अग्राक पलाउँछ भने जस्तै अनेक खाले षड्यन्त्र, जालझेल हुँदै अन्ततः कतै यी जेनजी युवाहरुका लागि यो खाली हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै हुने त होइन ?

त्यही भएर यो जेनजी विद्रोहको लगत्तै मैले गत असोज ३ गते प्रकाशित यही दैनिक लुम्बिनी पत्रिकामार्फत् जेनजी युवाहरुलाई सम्बोधन गर्दै तत्काल गरिहाल्नु पर्ने केही काम कारबाहीको लिष्ट प्रस्तुत गरेको थिएँ । त्यसको पहिलो नं. मा उक्त विद्रोहमा मारिएका सबैलाई शहीद घोषणा र तत्काल उच्चतम आर्थिक राहत र आजीवन पेन्सन व्यवस्था थियो भने दोस्रो र तेस्रोमा तत्काल तत्कालीन प्रम केपी ओली र गृहमन्त्री रमेश लेखकलगायत काठमाडौं जिल्लाका प्र.जि.अ.अनि गोली चलाउन आदेश दिने उच्च प्रहरी अधिकृतहरुलाई तत्काल गिरफ्तार गरी कारबाही चलाउन भनिएको थियो । यतिसम्मकि त्यस्तो देशव्यापी आगजनी तोडफोड, लुटपाट र सरकार, प्रशासन, प्रहरी सबैको भागाभाग भइरहँदा पनि रमिता हेरी बस्ने सैनिक सेनापतिलाई समेत तत्काल निलम्बन गरी कारबाही चलाउन समेत त्यहाँ भनिएको छ । संवैधानिक अंगका प्रायः सबै निकायहरुका पदाधिकारीहरुको निलम्बन र खारेजी अनि नयाँ नियुक्ति तत्काल गर्न समेत भनिएको थियो।

तर आजसम्म यो सरकार केही नगरी रमिता हेरी मात्र बस्यो । अहिले बल्ल जेनजी युवाहरुले यसको विरोधमा आवाज उठाउन थालेपछि मात्र त्यस्तो कारबाही गर्ने र गराउन लगाउने प्रयास गरेको देखिंदैछ । स्वयं जेनजी युवाहरुले नै तत्कालीन प्रम केपी ओली, गृहमन्त्री रमेश लेखक आदि माथि त्यस्तो कारबाहीको उजुरी हालेपछि मात्र सरकारले उनीहरुका राहदानी रोक्का गरेको र छानबिन प्रक्रिया अघि बढाउन थालेको जस्तो देखिदैछ । तर वास्तवमा जेनजी विद्रोह भनिए पनि त्यो अनुरुप अहिलेसम्म केही पनि भएको छैन । यही पुरानो संविधान यही पुरानो अड्डा-अदालत, प्रशासन, सेना, पुलिस यतिसम्मकि शासकीय पुरानै स्वरुप संघीय सदन, प्रदेश र स्थानीय निकाय सबै यथावत रहेको छ । खाली एक मात्र संसदीय सदनको मात्र भंग भएको छ त्यसमा पनि उपल्लो राष्ट्रिय सभा यथावत नै छ। अरु केहीमा पनि परिवर्तन छैन । खाली काले गए गोरे आए अर्थात् केपी गए सुशीला आए। एकथान मन्त्री हटाइए, एकथान नयाँ मन्त्री आएको मात्र छ । त्यसैले पछिल्लो अवस्थामा जेनजी युवाले राख्ने गरेको माग सबै अलपत्र भई नै सकेका छन् । स्वयं हालकी प्रधानमन्त्रीले ती सबै एजेण्डा यो सरकारबाट सम्भव छैन अब चुनावपछि बन्ने सदन र सरकारबाट मात्र त्यो सम्भव हुने बताइसकेकी छन् । त्यसैले अन्ततः यो जेनजी विद्रोह सबैका लागि माथि भने जस्तै हात्ति आयो फुस्सा अर्थात् घुम्दै फिर्दै फेरि रुम्जाटार भने जस्तै भएको छ।

हुनतः नेपालमा हुने गरेका विगतका यस्ता अनेक आन्दोलन र विद्रोहको परिणति पनि यस्तै हुँदै आएको छ। २००७ साल, २०४६ साल अनि २०६२/०६३ सालको परिवर्तन यसको उदाहरण बनेको छ। यतिसम्मकि १० वर्षे माओवादी जनयुद्ध अन्ततः १२ बुँदे दिल्ली समझदारीमा आई टुंगिएको छ। ठीक यस्तै यो पनि देशी तथा विदेशी साम्राराज्यवादी र विस्तारवादीहरुको आड भरोसामा यथास्थितिमै टुंग्याउने षड्यन्त्र भएको छ। फेरि देशमा अर्को धोका षड्यन्त्र र गद्दारी भएको छ । पुनः त्यस्तो जनआन्दोलन र जनविद्रोहको आवश्यक छ। अब जेनजी युवाहरु मात्र होइन देशका सम्पूर्ण किसान-मजदूरलगायत हरेक तह र तप्काका जनसमुदाय सबै एकजुट भई यस्तै आन्दोलन र विद्रोहमा जुट्नु पर्ने भएको छ। देशको राष्ट्रियता र स्वाभिमान अनि स्वतन्त्रताको साथै जनतन्त्र र जनजीविकाका लागि सबै पुनः एकजुट भई यस्तै जनआन्दोलन र जनविद्रोहमा अग्रसर हुन पनि यो जेनजी विद्रोहले सबैलाई प्रेरित गराएको छ।

अहिले देशमा पहिलेको पुरानो अपदस्त सरकार र हालै निर्माणाधीन नयाँ सरकार अर्थात् अहिलेको सुशीला कार्की नेतृत्वको नयाँ सरकार बिच हानथाप चलन थालेको छ । जेनजीहरुको माग अनुसार पुरानो सरकार प्रमुख केपी ओली र त्यसका गृहमन्त्री रमेश लेखकलाई तत्काल गिरफ्तार गरी कारबाही चलाउन ठूलो दबाब सिर्जना भएको छ भने यसको विरुद्ध फेरि एमाले नेतृत्वमा गत भाद्र २४ मा भएको आगजनी र तोडफोडका लागि प्रमुख जिम्मेवारी काठमाडौंका मेयर बालेन शाह र जेनजीका अगुवा सुदन गुरुङ यी दुवैलाई तत्काल गिरफ्तार गरी कारबाही चलाउन प्रहरीमा उजुरी हालेको अवस्था छ । तर वास्तवमा यी दुवै अर्थात् केपी र लेखक अनि बालेन र सुदन गुरुङ्ग अपराधी नै हुन् । २३ गतेका मुख्य अपराधी केपी ओली र रमेश लेखक हुन् भने अर्को दिन २४ गतेका अपराधी बालेन र सुदन गुरुङ्ग नै हुन्। सक्छ भने यो सरकारले यी दुवै अपराधीहरुलाई तत्काल गिरफ्तार गरी कानूनी कारबाही चलाओस् । तर कुनै जनआधार, दल नभएका खाली केही साम्राराज्यवादी र विस्तारवादीहरुको उक्साहटमा यी मन्त्री भई टोपलेकाहरुमा यस्तो दम खोई ? आफै त महादेव उत्तानो जरा अब कसले देला बर ? विचरा। प्रम सुशीला कार्कीको अवस्था यस्तै छ।

तै पनि माग दुवै पक्षका अर्थात् जेनजी युवाहरुको र एमाले पक्ष अखिल विद्यार्थीहरु जायज नै छन्। जेनजी युवाहरुले उठाएको पहिलो माग अर्थात् भाद्र २३ मा भएको सरकारी दमन, हत्या र हिंसाका लागि मुख्य दोषी तत्कालीन प्रम ओली र गृहमन्त्री रमेश लेखक नै हुन् भने भाद्र २४ मा भएको आगजनी तोडफोड र लुटपाट मुख्य दोषी बालेन र सुजन गुरुङ्ग हुन्। यसका साथै अरु पनि दोषी छन्, छानबिन गर्दा सबै छर्लङ्ग नै हुन्छ । तर जो बोक्सो उही धामी भने जस्तै वर्तमान सरकार नै यस्तै व्यक्तिहरुको सहयोग र प्रस्तावमा बनेको छ। त्यही भएर केही प्रहरीका हातहतियार र ड्रेस खोसी आजगनी र लुटपाट गर्दै हिंडेकाहरुलाई प्रहरीले गिरफ्तार गरी कारबाही चलाउन खोज्दा गृहमन्त्रीकै ठाडो आदेशमा ती सबै विनार्सत बाहिर निक्लिसकेका छन् । भने अझ आफ्नै मालिक अर्थात् बालेन र सुजनकै सिफारिसमा मन्त्री बनाइएकाहरुले यस्तो कारबाही चलाउने हिम्मत गर्लान् ? असम्भव छ। तैपनि अब जनस्तरबाट नै यी दुवै अपराधीहरुलाई तत्काल गिरफ्तार गरी कारबाही गर्नका लागि सशक्त आवाज बुलन्द पार्नु पर्ने देखिएको छ।

हुनतः यो जेनजी आन्दोलन र विद्रोहका पछाडि यी केही जेनजी मात्रै नभएर यसमा घुसपैठ भएका विश्व साम्राराज्यवादी र विस्तारवादी नेपाली दलालको पनि मुख्य भूमिका देखिंदैछ । एक प्रकारले देशको समग्र राष्ट्रिय स्वाभिमानमाथि नै ठाडो हस्तक्षेप भएको छ। नेपाली सेना नै त्यसमा रमिते मात्रै होइन त्यसको प्रत्यक्ष सहयोगी भएको अनुमान भइरहेको छ । त्यसैले यी माथि उठाइएका मुद्दाहरु भन्दा अझ बढी पेचिलो र गम्भीर सवाल आज देशको राष्ट्रियता स्वाभिमान र अखण्डन नै बनेको छ । त्यसैले एउटा नेपाली उखान 'फिनी हराएको थाहा छैन, गहुँका गेडा गन्ने' यो कसैले भन्छ भने पनि यसलाई अन्यथा भन्न नमिल्ला ।

# खाली पेटमा चियासिड पानी पिउनुका पाँच फाइदा

आजको व्यस्त जीवनशैली र अव्यवस्थित खानपानका कारण स्वास्थ्यमा आउने चुनौतीहरूलाई कम गर्न चियासिडको सेवनलाई एक उत्तम उपाय मानिएको छ।

चियासिडलाई पानीमा भिजाएर बिहान खाली पेटमा पिउँदा स्वास्थ्यमा सकारात्मक परिवर्तनहरू देखिन सक्छन्।

चियासिडमा ओमेगा-३ फ्याटी एसिड, फाइबर, प्रोटिन, क्याल्सियम र एन्टिअक्सिडेन्ट जस्ता अत्यावश्यक पोषक तत्वहरू प्रशस्त मात्रामा पाइन्छन्।

**चियासिडका मुख्य पाँच लाभहरू**

**१. पाचन सुधारमा सहयोगी**

चियासिडमा प्रशस्त फाइबर हुन्छ। पानीमा भिजाएपछि यो जेलजस्तो बन्छ, जसले आन्द्रा सफा गर्न र पाचन प्रक्रियालाई चुस्त बनाउन मद्दत गर्छ। दैनिक यसको सेवन गर्दा कब्जियतको समस्या कम हुन्छ र पेट लामो समयसम्म हलुङ्गो तथा आरामदायी महसुस हुन्छ।

**२. तौल घटाउन वरदान**

तौल नियन्त्रण गर्न खोज्नेहरूका लागि चियासिड भिजाएको पानी वरदान सावित हुन सक्छ। उच्च फाइबरका कारण यसले पेटलाई लामो समयसम्म भरिएको (सटायटी) महसुस गराइराख्छ, जसले गर्दा बारम्बार भोक लाग्ने समस्याबाट मुक्ति मिल्छ। यसमा क्यालोरी कम र पोषक तत्व उच्च हुने भएकाले ऊर्जा पनि प्रदान गर्दछ।

**३. हड्डी र दाँतलाई बलियो बनाउँछ**

चियासिडमा क्याल्सियम, फस्फोरस र म्याग्नेसियमको मात्रा उल्लेखनीय हुन्छ । यी खनिजहरू हड्डी र दाँतलाई बलियो बनाउन महत्वपूर्ण हुन्छन्। नियमित चियासिड पानीको सेवनले हड्डी बलियो राख्न मद्दत मिल्छ र बढ्दो उमेरमा हड्डी कमजोर हुने जोखिम पनि कम गर्दछ।

**४. मुटुको स्वास्थ्यका लागि फाइदाजनक**

चियासिड ओमेगा-३ फ्याटी एसिडको राम्रो स्रोत हो, जुन मुटुको स्वास्थ्यका लागि अत्यावश्यक मानिन्छ। यसले खराब कोलेस्ट्रोल कम गर्न र राम्रो कोलेस्ट्रोल बढाउन मद्दत गर्छ। यसका साथै, यसले रक्तचाप नियन्त्रण गर्न र मुटु रोगको जोखिम घटाउन पनि सहयोग गर्दछ।

**५. छाला र कपालको लागि उत्तम**

एन्टिअक्सिडेन्टले भरिपूर्ण हुने भएकाले चियासिडले छालालाई फ्री रेडिकलबाट हुने क्षतिबाट बचाउँछ । हरेक बिहान यो पानी पिउनाले छालालाई चम्किलो र स्वस्थ राख्न मद्दत गर्दछ। यसमा पाइने प्रोटिन र खनिजहरूले कपालको जरालाई बलियो बनाउँदै कपालको वृद्धिमा पनि सहयोग पुऱ्याउँछ।

**कसरी बनाउने चियासिड पानी ?**

एक गिलास पानीमा १-२ चम्चा चियासिड राखेर रातभर भिजाउनुहोस् । (चियासिडको अत्यधिक सेवन गर्नु हुँदैन।) यदि मन पर्छ भने, यस पानीमा कागतीको रस पनि थप्न सकिन्छ।

अस्वीकरणः यस लेखमा उल्लेख गरिएका सल्लाह र सुझावहरू सामान्य जानकारीका आधारमा तयार पारिएको हो । विशेष स्वास्थ्य अवस्थाका लागि चिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ।

# फ्रान्सेली क्रान्तिबाट सिक्नुपर्ने पाठ

**युवराज संग्रौला**

अन्ततः नयाँ संविधान बनाउन संविधानसभाको निर्वाचन गर्न राजा लुइ दि १६औं सहमत भए। निर्वाचन भयो। संविधानसभा गठन भयो।

नागरिक प्रतिनिधिहरु छानिए । राजाले आफ्ना मानिस मनोनीत गरे। र, धर्मगुरुहरु पादरीहरु पनि मनोनित भए। राजाका प्रतिनिधि कुलीनहरुलाई फर्स्ट इस्टेट भनियो, पादरीहरुलाई सेकेन्ड इस्टेट भनियो। र, नागरिक प्रतिनिधिहरुलाई थर्ड इस्टेट भनियो।

सभा बैठक बस्यो, राजा सम्बोधन गर्न आए। उनले आजदेखि सबै इस्टेटका बैठक अलग–अलग हलमा बस्नेछन्। हंगामा भयो, यो कसरी हुन सक्छ ? अहिले पनि कुलीनहरु नागरिकमाथि भेदभाव गरिरहेका छन् र उनीहरुको सान अझै गएको छैन।

राजाका प्रतिनिधिहरु उठेर गए । नागरिक प्रतिनिधिहरुमा ज्याकोबाइन आन्दोलनकारीहरुको बाहुल्यता थियो। उनीहरु मध्य रोबेस्पियर नामका वकिल पनि थिए, जो अत्यन्त तार्किक र निडर थिए। त्यसैगरी डान्टन, मारा आदि पनि थिए। उनीहरु जब बोल्थे मानिसको रगत उम्लन्थ्यो। सभाबाट राजाका प्रतिनिधिहरु गएपछि ज्याकोबाइन क्रान्तिकारीहरुले धाराप्रवाह बोले। यो सभा हाम्रो हो, सामन्तहरुको होइन। साथीहरू अब सभाध्यक्षको निर्वाचन गरेर विधान बनाउने काम सुरु गरौं। पेरिसबाट प्रतिनिधित्व गर्ने एकजना नागरिक प्रतिनिधि उठेर गए र सभामुखको खाली कुर्सीमा बसे।

राजाका प्रतिनिधि र सेनाका पदाधिकारीहरु आए र सभाकक्ष बन्द गरिदिए । पादरीहरुले नागरिक प्रतिनिधिलाई साथ दिए र बहुमत नागरिकका पक्षमा पुग्यो। उनीहरुले नजिकैको टेनिसकोर्टमा बैठक राखे र अब गणतन्त्रको लागि संविधान बनाउने घोषणा गरे। भोलिपल्ट देखि पेरीसका जनताले भर्साइलमा राजाको दरबार घेरे । आन्दोलन चर्कियो । अन्तत, राजाले रानीसहित अस्ट्रीया भाग्नु पर्‍यो। तर उनलाई समातेर ल्याए। अहिले नेपाल पनि यहि अवस्थामा छ। युवाहरूको आन्दोलनले सरकार ढलेको छ। राजा लुइले घमण्ड नदेखाइ सभामा छलफल सुरु गर्न दिएको भए उनले भाग्नु र पक्राउ परेर आउनुपर्ने थिएन।

अब संवैधानिक परिषद्को गठन गर्दा अध्यक्ष रोवेस्पियर बने उनले राजाका विरुद्ध राजद्रोहको मुद्दा लगाएर सभामा अपराधिका रुपमा पेश गर्न आदेश दिए । उनले एक जना चिकित्सकलाई सजिलै मृत्युदण्ड दिने एउटा मेसिन बनाउने आदेश पनि दिए। र त्यो बन्यो। त्यसलाई जिएटाइन भनिन्छ। उनी विरोधी समाप्त गर्ने पूर्वाग्रहबाट ग्रस्त थिए।

राजालाई सभामा ल्याइयो र अभियोग सुनाइयो । उनले फ्रान्सको राजा लुइ भन्दै बोल्न थालेका मात्र थिए, रोवेस्पियर कडकिएर बोले । राजा होइन म नागरिक लुइ भनू। लुइले त्यसै गरे कत्रो तेज र सान थियो रोवेस्पियरको।

लुइलाई सभाले मृत्युदण्ड सुनायो । जियटाइनमा शिर छेदन गरिएका उनी पहिलो व्यक्ति थिए । त्यपछि उनकी श्रीमतीलाई जियटिनमा हालियो र १० वर्षको युवराजलाई पनि । रोवेस्पियर ताकतले विवेकहिन बन्दै थिए । तर ज्याकोबाइन समूहभित्र गुटबन्दी सुरु भैसकेको थियो। उनीहरु अहिलेका जेन्जी भाइबहिनी जस्तै तातो जोस भएका २२ र २५ का नौजवान थिए। एकपछि अर्को दरबारीयालाई जिएटिनमा हाल्दै गयो। केही दिनमै ५००० शिर छेदन गरियो र मानिसको रगत बग्दै लामो रातो कुलो बन्यो। डान्टनले यो पाराको विरोध गरे। तब डान्टनका विरुद्ध पनि मुद्दा लगाइयो । सभामा प्रतिनिधिहरु भन्दै थिए, यो रोवेस्पियर अब बौलायो है । उनी सबै विरोधी सकेर एकलौटी गर्न चाहन्थे । ब्रिटिसहरु भित्रभित्र आफ्नो खेल खेलिरहेका थिए। अब डान्टन जो क्रान्तिकारी थिए, उनको पनि शिर काटियो । रोवेस्पियर जनसमुदायलाई भाषण गर्दै क्रान्तिलाई धोका दिने गद्दारहरुको हालत यस्तै हुनेछ भन्दै थिए। एकजना मजदुर करायो रोवेस्पियर मुर्दावाद । अर्कोले गोली हान्यो, जसले रोवेस्पियर एउटा आँखा फुटायो। उनी ट्रमामा बिछिप्त थिए। अब सभामा उनको सबैभन्दा विश्वसनीय साथीले रोवेस्पियरलाई फाँसी दिनुपर्ने आरोप लगायो, र सभाले त्यही पारित गऱ्यो । जुन जिएटाइन उनले विरोधी मार्न बनाएका थिए, उनलाई त्यसैमा हालेर शिर छेदन गरियो। क्रान्तिमा उत्तेजना र उद्देलन हुन्छ । हुनु पनि पर्छ । अन्यथा, क्रान्तिको उपलब्धि जिरो हुन्छ। तर यथार्थमा क्रान्तिले के सिद्धयायो भन्ने कुरा महत्वपूर्ण हुँदैन। के ल्याउँछ त्यो महत्वपूर्ण हुन्छ। के-के ल्यायो जेन्जी आन्दोलनले ? हामीले देखेका छौं । विद्यार्थीहरुले ज्यान गुमाए। देशको ८६ अर्बको निजी सम्पति र उद्योग ध्वस्त भयो । राष्ट्रले एक खर्बभन्दा ज्यादा क्षति भोग्यो । क्रान्तिपछि अब एउटा दिशातर्फ देशलाई लैजाने बेला हो, यो। हिजोको सबै कुरा संसद, संविधान, न्यायपालिका, सुरक्षा प्रणाली ध्वस्त गर्न लागियो र द्वन्द्वलाई चर्काइयो भने, हामीबाट रोवेस्पियरको गल्ती दोहोरिन सक्छ। फ्रान्समा त्यसपछि नेपोलियनको उदय भयो। उनले आफूलाई सम्राट घोषणा गरे। युरोपलाई युद्धको त्रासदीमा होमे, र लाखौं मानिसको ज्यान गयो।

अहिले दृश्य र अदृश्य बाहिरी शक्ति संविधान खारेज गर्ने खेलमा छन् । हो, यो संविधानमा त्रुटि नै त्रुटि छन् । तर यो संविधान इतिहासमा जनताले मतदान गरेर स्थापना गरेको संविधान सभाले जारी गरेको संविधान हो । यसले देशको सार्वभौमसत्ता जनतामा राखेको छ। यदि यो खारेज भयो भने हामीले एउटा किताब होइन जनता देशका मालिक हौं भन्ने मान्ने आधार समाप्त हुनेछ। कसको षड्यन्त्र थियो, हतार हतार संसद समाप्त गर्ने ? अनि, संविधान र अदालत पनि समाप्त गरेपछि देशको अस्तित्व के होला ? कतै हामी नेपोलियनको उदय त ल्याइरहेका छैनौ ? अन्ततःनेपोलियनको अन्त पनि रोवेस्पियरकै जस्तो भयो।

आन्दोलनले निर्वाचन गराउने सरकारको निर्माण गरेको छ। जेन्जी मित्रहरू राजनीति शक्तिको निर्माण गर्न थाल। देशभरीका जनताको विश्वास जित। हरेक कुरा समाप्त गरेर भुराजनीतिको चपेटामा परेको देशलाई उद्दार गरेर एउटा उन्नत नागरिकतन्त्रको स्थापना गर्दै आन्दोलनका उपलब्धिहरुलाई देशको समृद्धि निर्माणमा समर्पण गर्ने हो। शान्ति बहाल गर्दै, सरकारलाई निर्वाचनको काम सम्पन्न गर्न सहयोग गर्नु नै अहिले को आवश्यकता हो।

# पुख्र्यौली सीपको सदुपयोग गर्न घरमै उद्योग स्थापना



दोधारा चाँदनी । शुक्लाफाँट नगरपालिका-७ का जगतबहादुर सिंहलाई यतिबेला कपडा उत्पादन र तयारी पोशाक बनाउन भ्याइनभ्याइ छ ।

चाडपर्वका कारण बजारमा माग बढेपछि श्रीमान, श्रीमतीसहित परिवारका सदस्य कपडा बुन्न र सिलाउन व्यस्त देखिन्छन् । घरमै तान बनाएर सुरु गरिएको उद्योगमा धागो कात्ने, कपडा बुन्ने र पोशाकसमेत तयार गरिन्छ । पुख्र्यौली सीपलाई पुस्तान्तरण गर्न स्थापना गरिएको उद्योगमा अहिले अल्लो, गाँजा, बाँस र ऊनका कपडा उत्पादन हुने गर्दछन् ।

यसबाट सीपको सदूपयोग र परिवार नै स्वरोजगार भएकाले सिंह बताउँछन् । "हाम्रा पूर्खाले दार्चुलामा हुँदा राडी पाखीको काम गर्थे, हाम्रा पूर्खाबाट सीकेको सीपलाई सदुपयोग गर्न घरमै उद्योग स्थापना गरेका हौं", सिंहले भने-"रु तीन लाख लगानीमा हाते मेसिनबाट सुरु गरेको उद्योगमा अहिले रु २० लाख लगानी पुगिसक्यो ।" उनले अहिले चार वटा मोटर मेसिन थप गरेर उद्योगमा थप लगानी गरेको बताए ।

"एक जना भारतीय कामदार राखेका छौं, दुई छोरा, श्रीमती र आफु पनि उद्योगमै काम गर्छौं", उनले भने-"यसबाट हाम्रो परिवारको खर्च चलेको छ, सन्तुष्ट छौं ।" सुरुवातका वर्षहरुभन्दा पछिल्ला वर्षमा तयारी कपडाको माग धेरै आउने गरेको उनले जनाए । सिंह परिवारको पुख्र्यौली पेशा नै कपडा बुन्ने हो । दार्चुलामा राडीपाखी बनाएर बिक्री गर्ने उनीहरु २०४४ सालमा तराई बसाइ सरे । त्यसपछि पुख्र्यौली पेशाले निरन्तरता पाउन नसके पनि ३५ वर्षपछि पारिवारिक सल्लाहपछि पुनः आफ्नो कामलाई सुरुवात गरेको उनको भनाइ छ ।

"सीप हुँदा हुँदै त्यत्तिकै बस्नुभन्दा उद्योग स्थापना गरौं भन्ने एक दिनको पारिवारिक बसाइमा सल्लाह भयो", सिंहले भने-"उद्योग स्थापनापछि हरेक वर्ष राम्रो आम्दानी हुँदै गएको छ, गत वर्ष मात्रै रु तीन लाख आम्दानी भयो ।" घरमै उद्योग स्थापना गर्दा कामदारको समस्या भोग्नु परेको उनी बताउँछन् । "अहिले पनि उद्योगमा कामदार पाउन मुस्किल छ, भारतीय कारिगर मात्रै छन्", उनले भने-"देशभित्र मेहनत गर्ने बानी छैन सबैमा विदेश मोह छ ।"

उनले आफूले स्वदेशमै कच्चा पदार्थ प्रशोधन गरेर धागो उत्पादन गर्ने गरेको बताए । केही कच्चा पदार्थ भने भारतबाट आयात गर्ने गरेको उनको भनाइ छ । कपडाभन्दा तयारी पोसाकको माग धेरै आउने गरेकाले अहिले तयारी पोसाक उत्पादनमा जोड दिएको सिंह बताउँछन् । "स्थानीय उत्पादन टिकाउ पनि हुन्छ स्वास्थ्यका लागि पनि फाइदाजनक छ", सिंहले भने-"सुरुवातमा बजारमा समस्या थियो अहिले माग धेरै आउने गरेको छ ।"

प्राकृतिक फाइबरबाट निर्मित कपडा शरीरका लागि निकै फाइदाजनक मानिन्छ । यसको निर्माणका लागि अल्लो र गाँजाको धागो मात्रै उत्पादन हुने गर्दछ भने कटनका लागि भारतबाट धागो आयात गर्नुपर्ने झन्झट छ । त्यसैले यस्ता कच्चापदार्थ स्वदेशमै उत्पादन गर्न सके त्यसले घरेलु उद्योग सञ्चालनमा निकै टेवा पुग्ने उनको भनाइ छ ।

प्रहरीको सक्रियता

# १४ जना पक्राउ, तीन ट्याक्टर नियन्त्रणमा



स्याङ्जा । जिल्ला प्रहरी कार्यालय स्याङ्जा र मातहतका कार्यालयहरुले एकसाताभित्र विभिन्न क्रियाकलापमा संलग्न १४ जनालाई पक्राउ गरेको छ भने अवैध नदीजन्य पदार्थ ओसारपसार गरेको आरोपमा ३ ट्याक्टर नियन्त्रणमा लिएको छ । प्रहरीले अदालतबाट कैद सजाय र जरिवाना तोकि फरार रहेका कसुरदारदेखि ज्यान मार्ने उद्योग, चोरीमा संलग्न गरी १४ जनालाई पक्राउ गरेको हो । त्यस्तै अवैध रुपले नदीजन्य पदार्थ उत्खनन् गरी ओसारपसार गरेको अभियोगमा प्रहरीले विभिन्न ठाउँबाट तीन ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाएको छ ।

प्रहरीले भदौ २३ र २४ गते जेन जीले गरेको आन्दोलनको फाइदा उठाउँदै कारागारबाट भागेका २ जना र विभिन्न मुद्दामा अदालतले कसुरदार ठहर गरी सजाय सुनाइएका ९ जना फरार अभियुक्तलाई पक्राउ गर्न सफल भएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्नराज चौधरीले एकसाताभित्र जारी गरेको प्रेस विज्ञप्तिमा प्रहरीको विशेष टोलीले फरारको सूचीमा रहेका कसुरदारहरु पक्राउ गरेको उल्लेख गरेका छन् ।

जेनजीको आन्दोलनको फाइदा उठाउँदै केन्द्रीय कारागारबाट भागेका वालिङ ९ का ३५ वर्षीय मदन माझी र बालगृहबाट भागेका बिरुवा गाउँपालिका ६ बस्ने ११ वर्षीय नाबालकलाई घरमै बसिरहेको अवस्थामा प्रहरीको विशेष टोलीले पक्राउ गरेको जनाएको छ । दुवै जना जबरजस्ती करणीको मुद्दामा कारागार चलान भएका थिए ।

त्यसैगरी विभिन्न अदालतबाट फैसला भइ फरार रहेका १० जनालाई पक्राउ गरी जिल्ला कारागार स्याङ्जामा बुझाएको प्रहरीले जनाएको छ । ९ जना एकै दिन विभिन्न ठाउँबाट पक्राउ परेका थिए । बिरुवा गाउँपालिका ८ बस्ने २५ वर्षीय विवेक राना, सोही गाउँपालिका ५ का अशोककुमार भण्डारी, गल्याङ नगरपालिका ९ का नरेशबहादुर राना, पुतलीबजार नगरपालिका १३ का छविकुमारी पौडेल, साविक पेल्काचौर ६ का रनबहादुर भन्ने रामबहादुर गुरुङ, पुतलीबजार ११ का लली तिवारी, गल्याङ नगरपालिका ३ का लालबहादुर कामी, सोही ठाउँका लालबहादुर सुनार पक्राउ परेको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । पक्राउ पर्ने अभियुक्तहरु विभिन्न मुद्दामा अदालतले जरिवाना र कैद सजाय सुनाएका कसुरदारहरु हुन् । यसैगरी वैदेशिक रोजगारसम्बन्धी मुद्दामा फरार रहेका गल्याङ नगरपालिका ५ बस्ने श्यामबहादुर थापा समेत पक्राउ परेका छन् । जिल्ला अदालतले ४ दिन कैद सजाय र ११ लाख ५० हजार जरिवाना तोकिएका थापालाई प्रहरीको विशेष टोलीले पक्राउ गरेको हो ।

प्रहरीले चोरीको आरोपमा फेदिखोला ३ की २८ वर्षीया प्रतिमा सुवेदीलाई पक्राउ गरेको जनाएको छ । फेदिखोला गाउँपालिका ५ बागेस्थित उषा शर्माको घरबाट ३ दशमलव ५ तोलाको लकेटसहित सुनको सिक्री १ र २ तोलाको सुनको बेरुवा औंठी चोरी गरेको आरोपमा प्रहरीले सुवेदीलाई पक्राउ गरेको हो । फेदिखोला ३ घर भई कास्की पोखरा महानगरपालिका १७ बिरौटा बस्दै आएकी २८ वर्षीया सुवेदीलाई प्रहरीले पक्राउ गरी चोरीसम्बन्धी मुद्दामा अनुसन्धान गरिरहेको जनाएको छ ।

वालिङ १४ का सुर्वण लुइँटेललाई धारिलो हतियार प्रयोग गरी घाइते बनाएको आरोपमा प्रहरीले भीरकोट २ का २९ वर्षीय अनिल गुरुङलाई पक्राउ गरेको छ । भीरकोट नगरपालिका १ प्रगतिटोलमा गुरुङले धारिलो हतियार प्रयोग गरी लुइँटेलको टाउको, घाँटीलगायत सम्बेदनशिल अंगमा प्रहार गरी घाइते बनाएका थिए । गुरुङलाई ज्यान मार्ने उद्योग कसुरमा मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । धारिलो हतियार प्रहारबाट घाइते लुइँटेलको पोखरास्थित चरक मेमोरियल अस्पतालमा उपचार भइरहेको र खतरामुक्त अवस्थामा रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गरेको आरोपमा तीन ट्याक्टर नियन्त्रणमा लिएको छ ।

वालिङबाट एक र चापाकोट नगरपालिकाबाट दुई गरी तीन ट्याक्टरलाई प्रहरीले अवैध नदीजन्य पदार्थ ओसारपसार गरेको आरोपमा नियन्त्रणमा लिएको हो । १० गाहाखोलास्थित आँधीखोला किनारबाट ग १ त ६११० नम्बरको ट्याक्टरले बालुवा लोड गरी लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि वालिङ नगरपालिकालाई बुझाएको प्रहरीले जनाएको छ । यसैगरी चापाकोट ७ वनकट्टा घाटबाट अवैध बालुवा लोड गरिरहेको अवस्थामा लु ४ त १८६४ र लु ४ त ९७२४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि चापाकोट नगरपालिकालाई बुझाएको प्रहरीले जनाएको छ । स्याङ्जा प्रहरीले अवैध क्रियाकलापमा संलग्न गर्ने क्रियाकलाप चाडवाडका बेला बढ्न सक्ने भन्दै सक्रियता बढाएको छ ।

# रोहिणी गाउँपालिकामा अस्थायी र करार सेवा सम्झौता रद्द



बुटवल । रुपन्देहीको रोहिणी गाउँपालिकाले अस्थायी र करार सेवा सम्झौता रद्द गरेको छ । गाउँपालिका तथा मातहत सबै कार्यालयहरुमा विभिन्न मितिमा स्वीकृत दरबन्दीबाहेक अस्थायी नियुक्ति भएका, करार सेवा तथा दैनिक ज्यालादारीमा कार्यरत अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यकबाहेक सम्पूर्ण कर्मचारीहरुको नियुक्ति तथा करार सम्झौता रद्द गरिएको हो ।

असोज २२ गते बुधबारदेखि लागू हुने गरी सम्झौता रद्द गर्ने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतबहादुर बस्नेतद्वारा जारी सूचनामा उल्लेख छ ।

'अनुउत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट असोज ५ गते भएको नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दीबाहेक अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भन्ने निर्णय कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयको परिपत्र बमोजिम निर्णय गरिएको हो ।'-सूचनामा भनिएको छ ।

# ग्राहकसँग व्यक्तिगत गोप्य विवरण मागिएको छैन : राष्ट्रिय वाणिज्य बैंक




बुटवल । राष्ट्रिय वाणिज्य बैंकले पछिल्ला दिनमा केही अनधिकृत व्यक्तिले बैंकका नाममा ग्राहकलाई फोन गरी ठगीजन्य गतिविधिमा संलग्न रहेको भन्ने सूचना प्राप्त भएको सन्दर्भमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

त्यस्ता अनाधिकृत व्यक्तिले व्यक्तिगत विवरण माग्ने, झुटा अफर तथा योजनाको बारेमा जानकारी दिँदै आर्थिक लाभको प्रलोभनमा पार्ने जस्ता ठगीजन्य गतिविधिहरूमा संलग्न रहेको भन्ने सूचना बैंकमा प्राप्त भएको उल्लेख गरेको छ ।

बैंकद्वारा बिहीबार प्रेस विज्ञप्तिमा भनिएको छ -"बैंकका कुनै पनि कर्मचारी वा अधिकृत प्रतिनिधिद्वारा कहिल्यै कुनै पनि प्रयोजनका लागि फोन, इमेल, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट ग्राहकसँग एटिएम् पिन, मोबाइल बैंकिङ तथा ई-बैंकिङका ओटिपि, इमेल, पासवर्ड वा अन्य व्यक्तिगत गोप्य विवरण मागिएको छैन ।"

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीद्वारा जारी सो विज्ञप्तिमा अनाधिकृत रुपमा आउने यस किसिमका फोन, इमेल वा सामाजिक सञ्जालका सन्देशमा विश्वास नगर्न समेत अनुरोध गरिएको छ ।

**६ महिनासम्म...**

विभिन्न कम्पनीका विमानले भैरहवामा १३ वटा चार्टड उडान गरेका छन् । अप्रेल, मे मा ९ वटा, जुन र जुलाईमा २-२ वटा चार्टड विमानले अवतरण गरे भने सोही संख्यामा उडान गरे ।

चार्टरअन्तर्गत अन्तर्राष्ट्रिय विमानहरु ल्याण्डिङ र पार्किङ्को लागि मात्र आउने गर्छन् । भैरहवामा ल्याण्डिङ र पार्किङ् निःशुल्क भएकोले केही अन्तर्राष्ट्रिय विमानहरु पार्किङ्को लागि मात्र भैरहवा आउने गर्छन् ।

**छुट सुविधा कायम हुँदा पनि आकर्षित भएनन् एअरलाइन्स कम्पनी**

सरकारले भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान गर्ने विदेशी वायुसेवालाई आकर्षित गर्न विभिन्न छुट सुविधाहरू प्रदान गरेको छ । अन्तर्राष्ट्रिय उडानका लागि हवाई टिकटमा लाग्ने प्रतियात्रु ३ हजार रुपैयाँको यात्रु सेवा शुल्कमा छुट दिइएको छ । साथै, दुवै विमानस्थलमा पार्किङ्, ल्याण्डिङ र न्याभिगेसन शुल्कमा पूर्ण छुटका साथै नेपाल एयरलाइन्सले प्रदान गर्ने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । यस्तै इन्धनमा पनि सय डलर छुट दिँदै आए पनि विदेशी विमान कम्पनी आकर्षित हुन सकेका छैनन् ।

**अर्थमन्त्रीलाई...**

खनालले यस्तो लेख लेख्नु अघि जलाशययुक्त आयोजनाका परिकल्पनाकारले डा. दामोदर भुसालसहितको टोलीले उनलाई स्थलगत अवलोकन गराएको थियो । खनालको लेख आउनुअघि उनले बुटवलको लुम्बिनी राष्ट्रिय दैनिकमा आयोजनाबारेको समाचार पनि अध्ययन गरेका थिए ।

अर्थविद खनालले त्यस आयोजनाबारे सरकारलाई उक्त लेखमा केही सुझावहरु पनि दिएका थिए ।

उनले भनेका छन्-'सरकारले तीन वटा कुरामा हिचकिचाउनु हुँदैन । (क) अनुमतिपत्र दिनु । (ख) विस्तृत डिजाइन, सर्वेक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक पर्ने रकम बजेट अनुदान दिनु ...।' तत्कालिन अवस्थामा खनालले यस आयोजनाको लागत १४ अर्ब रुपैयाँसम्म पर्नसक्ने अनुमान गरेका थिए । त्यस्तै पाँचदेखि ६ बर्ष सम्ममा उक्त आयोजना निर्माण सम्पन्न हुने र सम्पन्न भइसकेपछि गुल्मेलीहरुको समृद्धिमा कोसेढुङ्गा सावित हुने उनको सुझाव थियो । अहिले उनी अर्थमन्त्री भएको बेला त्यस आयोजनामा उनको ध्यान जाला कि नजाला ? यसबारे अर्थमन्त्री खनालले स्मरण गर्नु होला कि हुन्न ? भन्ने जिज्ञासामा आयोजनाका परिकल्पनाकार डाक्टर दामोदर भुसाल भन्छन्-'अर्थमन्त्रीलाई अवश्य ध्यानाकृष्ट गराइने छ, यो आयोजना जिल्लाको सबैभन्दा ठूलो र महत्वपूर्ण आयोजना हुनसक्छ, यसलाई सम्पन्न गर्न सके जिल्लाको विकासमा साँच्ची नै कोसेढुङ्गा सावित हुने छ ।' यो योजना विगतमा अगाडि बढ्न नसक्नुको कारण गुल्मीका उच्चतहका नेताहरुको इच्छा शक्ति नहुनु हो भन्दै भुसालले अब साझा धारणा बनाएर आयोजनालाई अगाडि बढाउन लाग्ने भुसालले बताए ।

उनले २०६८ साल अघिदेखि दैनिक लुम्बिनीले यो विषय उठान गरेरै खनालको चासो बढेको हो, पुनः यो विषयलाई उठान गर्नुपर्छ । भुसालसहित छल्दीपनाह निस्ती जलशाययुक्त विद्युत् परियोजना अगाडि बढाउन पूर्व मन्त्री तथा हाल गुल्मी क्षेत्र नम्बर २ का सांसद गोण विष्टले पनि चासो देखाएका थिए । सदरमुकाम नजिकै रेसुङ्गा नगरपालिका र मुसिकोट नगरपालिकाको सिमानामा पर्ने यस खोलामा जलशाययुक्त विद्युत् आयोजना अगाडि बढाउन अहिले आएर यी दुबै पालिकाले पनि चासो देखाएका छन् । रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थी र मुसिकोटका मेयर जीवलाल खरेल -जीवन ) ले यस आयोजनालाई बढो महत्वका साथ लिएको र दुई पालिकाको साझेदारी र समन्वयमा माथिल्लो निकायमा पहल गर्ने बताउँदै आएका छन् । यो आयोजना सम्पन्न हुँदा विद्युत् मात्र नभई माछापालन, ऱ्याफ्टिङ्ग सेवा सञ्चालन गरी आन्तरिक र बाह्य पर्यटकको घुइँचो लाग्ने भुसालको भनाइ छ । खोला किनारको दुबै किनारतर्फ कडा चट्टान भएको र बस्ती पनि नभएकोले कुनै जोखिम नभएको, देशभरका यस्ता थुप्रै जलाशययुक्त परियोजनाबारे ध्यान गर्दा दुबैतर्फ पहरो भएकोले सबैभन्दा कम खर्चमा बढी विद्युत् उत्पादन हुने उति बेला विज्ञहरुले प्रतिवेदन पेश गरेको, तर अगाडि बढ्न नसकेको रातडाँडाका समाजसेवी तथा नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष राममल्ल ठकुरी बताउँछन् । माथि रातडाँडासम्म जलाशय बनाउँदा बस्तीको जोखिम हुने भएकाले लसाहसम्म जलाशय बनेमा यसले जिल्लाको समृद्धिको निकै ठूलो आधार सिर्जना हुने ठकुरीको भनाइ छ । सदरमुकाम तम्घासदेखि राताडाँडासम्म १६ किलो मिटर र दोभान इन्द्रगौडासम्म २६ किलो मिटर दुरीमा पर्दछ ।

त्यहाँसम्म पुग्ने सडक कतै पिच भएको छ भने अहिले पिच हुने क्रममा छ । खोला नजिकैको दोभान गाउँमा कुमाल समुदायको सुन्दरबस्ती छ । जहाँ होमस्टेका लागि निकै उपयुक्त थलो पनि छ ।

त्यस ठाउँमा चीसो खोलाको माछा खानका लागि वर्षऔंदेखि सदरमुकाम र उता बाग्लुङ्गसम्मका मानिस आउने गरेका छन् । रातडाँडादेखि बडिगाडको संगम स्थलसम्म दुबै तिर हरियाली पहाड र नागबेली खोला भएकोले प्राकृतिक रुपममै त्यो स्थान मनोरम रहेको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**सयपत्री फूलः**
दाङको घोराही उप-महानगरपालिका -१७ गैरागाउँस्थित बारीमा व्यावसायिक रूपमा गरिएको सयपत्री फूलखेती । तस्विरः रञ्जिता अधिकारी/रासस

# चाडपर्वलक्षित बजार अनुगमन तीव्र



कपिलवस्तु । कपिलवस्तुमा चाडपर्वलाई लक्षित गर्दै बजार अनुगमनलाई तीव्रता दिएको छ । जिल्लाको विभिन्न ठाउँमा प्रशासन, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यलय, घरेलु तथा साना उद्योग कार्यालयले संयुक्त रुपमा बजार अनुगमन गरेको हो ।

जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका सहायक प्रमुख जिल्ला अधिकारी पदमलाल लामिछानेका अनुसार तौलिहवा बजारमा करिब एक दर्जन होटल, रेष्टुरेण्ट, मिठाई, किरान पसलहरुमा अनुगमन गरिएको हो । अनुगमनको क्रममा लेबल नलगाएको, म्याद गुज्रेको समानहरु ज्फत गरी नष्ट गरिएको उनको भनाइ छ । उनले भने-'बजार अनुगमन नियमित कार्यक्रम भए पनि जनगुनासो बढेकोले अनुगमनमा कडाइ गरिएको छ ।'

अनुगमनको क्रममा बजारमा अधिकांश होटल, रेष्टुरेण्ट तथा मिठाइ पसल सरसफाइ नभएको भेटिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय कपिलवस्तुका प्रमुख राजेन्द्र सिंहले बताए । अखाद्य तेल र लेबल नलागएको वस्तु जाफत गरी नष्ट गरिएको उनको भनाइ छ । किरना पसलहरुमा अखाद्य बस्तु नबेच्न र होटल तथा चिया नास्ता पसलमा सरसफाइ बढाउनका साथै बजार नियन्त्रण गर्ने उद्देश्यले अनुगमन गरिएको प्रमुख सिंहले जानकारी दिए ।

त्यस्तै घरेलु तथा साना उद्योगका प्रमुख सन्तोष खनालका अनुसार मूल्य सूची नभएकालाई मूल्य सूची राख्न र व्यवसाय बिना दर्ता सञ्चालन गर्नेलाई दर्ता गर्न निर्देशन दिइएको छ । स्थानीय प्रशासनले म्याद गुज्रेका, सडेगलेका, अखाद्य वस्तु बिक्री गर्दै आएका तथा बिना इजाजत व्यवसाय सञ्चालन गरिरहेकामाथि कडाइ सुरु गरेको छ । जिल्लाका विभिन्न स्थानका बजारमा छड्के अनुगमनलाई तीव्र पारिएको प्रशासनले जनाएको छ ।

टोलिले कपिलवस्तु नगरपालिकाको पचेहरा र मायादेवी गाउँपालिकाको फुलिका, बररोहिया, पकडीलगायतको स्थानमा बजार अनुगमन गरेको छ । अनुगमनको क्रममा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख रुक्मागत अर्याल, कोष नियन्त्रक पोष्टराज ज्ञवाली, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यलयका सरोज खनाल, जिल्ला प्रशासन कार्यालयका नासु बाबुराम शर्मा, प्रहरीलगायतको सहभागिता रहेको थियो ।

# 'अर्थदृष्टि'को दोस्रो संस्करण बजारमा




काठमाडौं । युवा अर्थशास्त्री एवम् अर्थराजनीतिक विश्लेषक मनिकर कार्कीद्वारा लिखित पुस्तक 'अर्थदृष्टिः अल्पविकासको अर्थराजनीति' को दोस्रो संस्करण बजारमा आएको छ । नेपालको आर्थिक इतिहास एवम् समसामयिक अर्थराजनीतिसम्बन्धी सो पुस्तक प्रकाशक इन्डिगो इन्कले प्रकाशन गरेको हो ।

प्रकाशकका तर्फबाट इन्डिगो इन्कका कार्यकारी निर्देशक विष्णुकुमार पौडेलले एक प्रेस विज्ञप्ति जारी गर्दै कार्कीको अर्थदृष्टिको यसै वर्षको जेठ महिनामा प्रथम संस्करण प्रकाशित भएकोमा, छोटो अवधिमा नै दोस्रो संस्करण प्रकाशन गर्न पाउँदा निकै हर्षको अनुभूति भएको जनाएका छन् ।

'अर्थशास्त्र जस्तो प्राविधिक विधाको पुस्तक पनि बजारमा यति छोटो अवधिमै सकिँदा समसामयिक अर्थराजनीतिमाथि सबैको चासो र रुचि बढ्दै गएको तथ्यलाई इंगित गरेकोछ' इन्डिगो इन्कद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'पछिल्लो समय विकसित भएको मुलुकको राजनीतिक घटनाक्रमले पनि अर्थराजनीतिसम्बन्धी पुस्तक अध्ययनको आवश्यकता र औचित्यता थप पुष्टि गरिदिएको छ ।'

अर्थदृष्टिको दोस्रो संस्करणमा अर्थशास्त्रीय तथ्याङ्कहरु अध्यावधिक गरिनुका साथै समय र सन्दर्भ अनुसारका केही तथ्य र विश्लेषण थप गरिएको छ । पुस्तकले नेपालको आर्थिक इतिहासको पुनरावृत्ति गर्दै नेपाली समाज र अर्थतन्त्रको ऐतिहासिक चरित्र उजागर गरेको छ भने अर्थतन्त्रको वर्तमान अवस्था र जटिलतालाई प्रकाश पार्दै मुलुकको अल्पविकासका कारणहरु खोतल्ने प्रयत्न गरेको छ ।

त्यसैगरी विश्व-अर्थराजनीतिमा देखापरेको पुँजीवादी संकटको अवस्थाको विस्तृत विवेचनासहित अहिलेको अल्पविकास, बेरोजगारी, न्यून उत्पादन र अधिक उपभोगको दुष्चक्रममा फस्दै गएको नेपाली अर्थतन्त्रलाई अगाडि बढाउन आवश्यक वैकल्पिक अर्थतन्त्रको आवश्यकतामाथि विशेष चर्चा गरिएको छ । दोस्रो संस्करणको मूल्य रु. ७९९ रहेको छ ।

# व्यवसायीद्वारा कर नतिर्ने घोषणा

स्याङ्जा । स्याङ्जाको भीरकोट नगर उद्योग वाणिज्य संघले भीरकोट नगरपालिकालाई कुनै पनि प्रकारको स्थानीय


भीरकोट उद्योग वाणिज्य संघ
Bheerkot Chamber of Commerce & Industry

कर नतिर्ने घोषणा गरेको छ । संघले एक विज्ञप्ति जारी गर्दै स्थानीय क्लबले व्यापारिक मेला आयोजना गर्न लागेको र नगरपालिकाले अनुमति दिएको भन्दै असन्तुष्टि जनाएका व्यवासायीले यस्तो घोषणा गरेका हुन् ।

भीरकोट नगर उद्योग वाणिज्य संघका अध्यक्ष नुवादत्त अर्यालका अनुसार बिहीबारदेखि स्थानीय एक क्लबले 'बयरघारी रमाइलो मेला' को नाममा व्यापारिक स्टल राखेर मेला आयोजना गर्न लागेको र यसले स्थानीय व्यापारीहरूलाई निरुत्साहित गर्ने र थप पीडा दिने भन्दै संघले विरोध स्वरुप कर नतिर्ने बताएका हो ।

संघले आफूहरूले राज्य पुनर्संरचनापछि व्यापारिक हकहितका लागि स्थापना कालदेखि नै नगरपालिकालाई रचनात्मक कार्यमा सहयोग गर्दै आएको स्मरण गराएको छ । संघले यसअघि दुईवटा 'भीरकोट महोत्सव' सफलता पूर्वक सम्पन्न गरी भीरकोटसहित स्याङ्जा जिल्ला र समग्र गण्डकी प्रदेशको पहिचान, कृषि र पर्यटन प्रवर्धनमा टेवा पुर्‍याएको विज्ञप्तिमा उल्लेख छ ।

हाल देशको विषम परिस्थिति र आर्थिक शिथिलताका बाबजुद स्थानीय सरकारलाई पटक-पटक लिखित तथा मौखिक अनुरोध गर्दागर्दै, सीमित राजनैतिक दादागिरीको आडमा स्थानीय क्लबलाई व्यापारिक मेला गर्न अनुमति दिइयो विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संघसँग कुनै सहमति नगरी यस्तो निर्णय गरिएकाले हामी यो निर्णय लिन बाध्य भएको विज्ञप्तिमा जनाइएको छ । गएको १८ गते बसेको संघको बैठकले क्लबका नाउँमा मेला गर्ने भए कर नतिर्ने निर्णय गरेको अध्यक्ष अर्यालले जानकारी दिए ।

# अस्पताल भवन निर्माणमा ढिलाइ हुँदा उपचार सेवा प्रभावित



गुल्मी । नयाँ भवन निर्माणमा ढिलाइ हुँदा यहाँस्थित जिल्ला अस्पतालको उपचार सेवा प्रभावित बनेको छ ।

विसं २०७७ मा सदरमुकाम तम्घासमा ५० शैयाको नयाँ भवन निर्माण सुरु गरिएको थियो । पुरानो भवनमा साँघुरो गल्ली र साना कोठा मात्र छन् । छ वटा मात्रै बहिरङ्ग कक्ष छन् । 'भिडियो एक्सरे' र शल्यक्रिया गर्ने ठाउँमा पानी चुहिन्छ । पानी चुहिँदा विद्युत् सट हुने गरेको छ । पुरानो टिनको छानाबाट सेवा दिनुपर्दा सेवा दिने र लिने दुवैलाई कठिनाइ भएको छ । नयाँ भवन नबन्दा 'आइसियू' समेत सञ्चालनमा ल्याउन नसकिएको अस्पतालका चिकित्सक विभव बस्यालले गुनासो गरे । "एउटै कक्षमा दुई/तीन जना डाक्टर बसेर सेवा दिनुपर्ने अवस्था छ", उनले भने-"पुरानो भवनबाट सेवा दिन निकै अप्ठ्यारो छ ।" डाक्टर बस्यालले हाल दैनिक चार सय सम्म बिरामी उपचारका लागि आउने गरेको बताए ।

भवन निर्माणमा ढिलाइ भएपछि रेसुङ्गा नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, अस्पताल विकास समितिलगायतले छिटो निर्माणको पहल गरे पनि निर्माण व्यवसायीले कामको गति अघि बढाएनन् ।

"भारतबाट सामान मगाउनुपर्ने छ, आएको छैन भन्छन्", अस्पताल विकास समितिका अध्यक्ष गोपाल पाण्डेले भने-"विभिन्न बाहानामा काममा ढिलाइ गरेका छन् ।" सङ्घीय आयोजना कार्यान्वयन इकाई, रुपन्देहीमार्फत् स्वच्छन्द/बाँनिया जेभी मकवानपुरले अस्पताल निर्माणको जिम्मा पाएको थियो । भवनको कूल लागत रु २५ करोड ६४ लाख २०३ रुपैयाँ १७ पैसा छ । विसं २०७८ असार १८ गते भवन निर्माणको सम्झौता भएकामा त्यसको दुई वर्षभित्र अर्थात २०८० असार १७ गते काम सकिनुपर्ने थियो ।

पछिल्लो समय तीन पटक म्याद थप भई गत २०८१ पुससम्म थप गरिएको छ । आयोजनाका इञ्जिनियर सुशील रसायलीले निर्माणको ८० प्रतिशत काम सकिएको जानकारी दिए ।

# अस्पताल भवन निर्माण अलपत्र



स्याङ्जा । कुनै समय कुष्ठरोगी केन्द्र (बस्ने ठाउँ) का रुपमा स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गा टुनिबोटलाई लिइने गरिन्थ्यो । टुनिबोट जाँदा कुष्ठरोग सर्छ भन्दै स्थानीय र छिमेकीहरु त्यहाँ जान डराउँथे । टुनिबोट बाइसे चौबिसे राज्यका बेलामा नुवाकोटका राजाले पाल्पा आक्रमणका गर्न १९५२ बाट हातहतियार भण्डारण (राख्न प्रयोग) गरिएको ऐतिहासिक स्थानका रुपमा चिनिन्छ ।

तत्कालीन श्री ३ खड्ग शमशेरले १९९७ मा नेपाल भरिका ४२२ कुष्ठरोगीलाई उपचार गर्न मालुङ्गा टुनिबोटलाई केन्द्र बनाएको मानिन्छ । ४९ वर्ष कुष्ठरोगी बसेको टुनिबोट बिरामीको संख्या घट्दै जाँदा २०४६ सालमा ८२ कुष्ठरोगीलाई कुष्ठरोग निवारण संघले पोखरा स्थान्तरण गरेको हो ।

लामो समय कुष्ठरोगी बसेको मालुङ्गा टुनिबोटमा सर्वसाधारणको सहज स्वास्थ्य सुविधाका लागि निर्माण भएको १५ शैयाको स्वास्थ्य केन्द्र उपचारसँगै भौतिक पूर्वाधार अलपत्र अवस्थामा छन् । कुष्ठरोगीहरु पोखरा पुनर्स्थापना भएसँगै कुष्ठरोग निवारण संघसँग १९ रोपनी ९ आना जग्गा भाडामा लिएर प्राथमिक स्वास्थ्य केन्द्र बनाइएको थियो ।

लामो समय कुष्ठरोगी बसेका कारण त्रासमा रहने टुनिबोटको प्राथमिक स्वास्थ्य केन्द्रले मात्र स्थानीयलाई उपचार पर्याप्त नभएपछि सरकारले चार वर्ष अघिदेखि अस्पताल निर्माण अगाडि बढाइएको थियो । कुष्ठरोगीलाई पोखरा सारेपछिको प्राथमिक स्वास्थ्य केन्द्रको जग्गा अस्पतालका नाउमा ल्याएपछि २०७८ जेठबाट सिनर्जी शङ्खदेवी निर्माण सेवा काठमाडौंले १५ बेडको अस्ताल भवन निर्माण गर्न ठेक्का पाएको थियो ।

दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी गल्याङ नगरपालिकासँग सम्झौता गरेको सिनर्जीले चार वर्षमा ५० प्रतिशत मात्रै काम सकेको छ । भवनको संरचना निर्माण गरेर प्लास्टर गरेको भएपनि अन्य सम्पूर्ण काम गर्न बाँकी रहेको छ । निर्माण कम्पनीले अस्पताल भवन बनाउन ११ करोड ५१ लाख १५ हजार २३२ रुपैयाँ सम्झौता गरेकोमा चार वर्षमा चार करोड ३७ लाख अर्थात् ३७ प्रतिशत मात्र आर्थिक प्रगति गरेको छ ।

अस्पताल भवन निर्माणको म्याद सकिएर दुई पटक म्याद थप्दासमेत आधा मात्रै काम सकिएको नगरपालिकाका इञ्जिनियर सुजेन्द्र थापाले बताए । २०८२ चैत मसान्तसम्मका लागि पछिल्लो पटक म्याथ थप भएको थापाले जनाए । अस्पताल निर्माणको काम अब ढिलाइ भएमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ कारबाही हुने थापाले सुनाए ।

स्वास्थ्य सुविधाका लागि अस्पताल निर्माण हुन थालेपछि हर्षित बनेका स्थानीय बासिन्दा भवन निर्माणमा ढिलासुस्ती हुने थालेपछि चिन्तित बनेको वडाध्यक्ष मणिप्रसाद बस्यालले बताए । सामान्य उपचारका लागि गल्याङ बजार, पाल्पा जानुपर्ने बाध्यता हट्ने आशा गरेका स्थानीय भवन निर्माणको ढिलासुस्तीले निराश बनेका छन् ।

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं
चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।
- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !
नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com